आज मिति २०८२ साल असोज २६ गते दिनको ११ : ०० बजे सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८२/०८३ को तेश्रो गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री नगेन्द्र प्रसाद रिजाल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |

सहयोगी कर्मचारीहरु

| | | | |
|---|---|---|---|
| १ | रनवीर वुढा | प्रशासकीय अधिकृत | |
| २ | टंक बहादुर पुन | बरिष्ठ लेखा सहायक | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | गण बहादुर थापा | सहयोगी | |

मणिराम वुढाथोकी
अध्यक्ष

## तेश्रो गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. समिक्षा सम्बन्धमा ।

२. नव निर्मित प्रशासकीय भवनको सेवा सुचारु तथा भवन उद्घाटन सम्बन्धमा ।

३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णय कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा ।

४. विद्यालय भवन निर्माण छनौट सम्बन्धमा ।

५. क्रिकेट संघलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

६. विविध छलफल सम्बन्धमा ।

## २०८२ भाद्र २६ गते बसेको दोश्रो गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | समिक्षा सम्बन्धमा । | अघिल्ला कार्यपालिका वैठकहरुको समिक्षा गर्न आवश्यक रहेको । | गाउँ कार्यपालिकाका अघिल्ला वैठकहरुबाट भएका निर्णयहरु समिक्षा गरियो ।कार्यान्वयन गर्न वाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | नव निर्मित प्रशासकीय भवनको सेवा सुचारु तथा भवन उद्धाटन सम्बन्धमा । | नव निर्मित गाउँपालिकाको प्रशासकीय भवनबाट तत्काल सेवा सुचारु गर्न आवश्यक रहेको । | सुनिलस्मृति गाउँपालिकाको नव निर्मित प्रशासकीय भवनबाट मिति २०८२/०६/३० गतेबाट प्रशासनिक कार्यको सुभारम्भ गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ३ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णय कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा । | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट निर्णय कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा भएको परिपत्र कार्यान्वन गराउन आवश्यक रहेको । | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मिति २०८२।०६।०८ को पत्रानुसार नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०८२/०६/०५ मा सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सुचारु निर्वाचत खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहत समेतका लागि आयोजनाको पुनर्प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धी परिपत्रलाई आवश्यकताका आधारमा कार्यान्वयन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ४ | विद्यालय भवन निर्माण छनौट सम्बन्धमा । | नेपाल सरकार-शसर्त अनुदान पुँजिगत तर्फ विनियोजित निर्मित गुरुयोजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालय भौतिक पूर्वाधार निर्माणका लागि विद्यालय छनौट गर्न आवश्यक रहेको । | नेपाल सरकार-शसर्त अनुदान पुँजिगत तर्फ निर्मित गुरुयोजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान खर्च शिर्षकमा विनियोजित रु. १,२१,००,०००।- (अक्षरुपी एक करोड एक्काइस लाख रुपैया मात्र)बाट वडा नं. ४ को श्री सुर्योदय माध्यामिक विद्यालय र वडा नं. ८ को श्री जनता प्राथमिक विद्यालयको भवन निर्माणका लागि छनौट गरी निर्माण प्रकृया तत्काल अगाडि बढाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | क्रिकेट संघलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा । | जिल्ला क्रिकेट संघ रोल्पाबाट आर्थिक सहयोगका लागि प्रस्तावना पेश हुन आएको हुदाँ उक्त संघलाई तेश्रो शुभकामना खुल्ला प्रतियोगिताका लागि आर्थिक सहायता प्रदान गर्न आवश्यक देखिएको । | जिल्ला क्रिकेट संघ रोल्पाको आयोजनामा हुन लागेको तेश्रो शुभकामना खुल्ला क्रिकेट प्रतियोगिता सञ्चालनका लागि क्रिकेट संघबाट आर्थिक सहयोगका लागि प्रस्तावना सहित अनुरोध प्राप्त भएको हुदाँ खेलकुद विकास कार्यक्रम खर्च शिर्षकबाट रु. १५,०००।- (अक्षरुपी पन्ध्र हजार रुपैया मात्र) आर्थिक सहायता प्रदान गर्ने र उक्त खेलमा यस गाउँपालिकाबाट सहभागी खेलाडिहरुको हुन आउने खर्च समेत यसै शिर्षकबाट खर्च हुने गरी पठाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ६ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>क) लेयर्स चल्ला वितरण सम्बन्धमा ।<br>क) वित्तिय साक्षरता कक्षा सञ्चालन सम्बन्धमा । | क) चालु आ.व.मा पशु सेवा शाखा अन्तर्गत स्वीकृत वार्षिक कार्यक्रम "लेयर्स चल्ला वितरण" वडा नं. ३, ४ र ५ मा सञ्चालन गर्ने ।<br>क) स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत नेपाल सरकार-शसर्त अनुदान चालु तर्फ वित्तीय साक्षरता कार्यक्रम वडा नं. २ र ७ मा सञ्चालन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।<br>"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष